दर्ता नं. ०१११

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लि.

# Durdristi Multipurpose Co-operative Ltd.

# चौथो

## वार्षिक प्रतिवेदन

आ.व. २०८०/८१

# 4TH

## ANNUAL REPORT
## F.Y. 2080/81


परोपकार मार्ग, भिमसेनस्थान, काठमाडौं

फोन नं. ०१-५९१५३६३, ०१-५९१६३६३, ०१-५९६४३६३

**www.ddmpcl.com.np**

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लि.
## Durdristi Multipurpose Co-operative Ltd.

## सञ्चालक समिति



विनोद कुमार मानन्धर
अध्यक्ष



विनोद श्रेष्ठ
उपाध्यक्ष



अच्युत रत्न बज्राचार्य
सचिव



गोपाल राजभण्डारी
कोषाध्यक्ष



सुशील राम माथेमा
सदस्य



विकास शाक्य
सदस्य



रीना नकर्मी
सदस्य

## सल्लाहकार



वीर विक्रम रायमाझी
सल्लाहाकार



शिवराज श्रेष्ठ
सल्लाहाकार

दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लि.

Durdristi Multipurpose Co-operative Ltd.

## लेखा सुपरिवेक्षण समिति



दिनेश श्रेष्ठ
संयोजक



विदुर बज्राचार्य
सदस्य



हेरा रत्न महर्जन
सदस्य

## व्यवस्थापन समिति



लक्ष्मी लाल नकर्मी
प्रमुख कार्यकारी अधिकृत



युगेस श्रेष्ठ
उप प्रमुख कार्यकारी अधिकृत



अमन महर्जन
प्रबन्धक



रोश्नी नकर्मी
सह प्रबन्धक



रितेश शाक्य
वरिष्ठ अधिकृत



समिर नकर्मी
अधिकृत

## लेखा परीक्षक

सि.ए. शिवानी श्रेष्ठ
शिवानी एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लि.

## Durdristi Multipurpose Co-operative Ltd.

परोपकार मार्ग, भिमसेनस्थान, काठमाडौंको

### चौथो वार्षिक साधारण सभा सम्बन्धी सुचना

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

यस संस्थाको मिति २०८१/०८/२४ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार तपसिलका प्रस्तावहरु उपर बिस्तृत छलफल गरी निर्णय गर्न निम्न मिति, समय र स्थानमा संस्थाको **चौथो वार्षिक साधारण सभा** हुने भएकोले तहांको उपस्थितिका लागि बिनम्र अनुरोध गर्दछौं ।

**कार्यक्रम तालिका :**

**मिति** : २०८१ साल पौष २७ गते शनिबार

**समय** : बिहान १०:०० उप्रान्त

**स्थान** : क्षेत्रपाटी पार्टी प्यालेस, धोबिचौर, काठमाडौं ।

**छलफलका विषयहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/८१ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण पारित गर्ने ।
३. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन छलफल तथा पारित सम्बन्धमा ।
४. आ.व. २०८०/८१ मा संचालक समितिबाट भए गरेका निर्णयहरु तथा आन्तरिक कार्यविधि/नीति अनुमोदन गर्ने ।
५. आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम एवं अनुमानित बजेट सम्बन्धमा ।
६. आ.व. २०८१/८२ को लागि लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने ।
७. संस्थाको विनियम संशोधन सम्बन्धमा ।
८. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयर सदस्यहरु मध्येबाट आवश्यक प्रतिनिधि चयन गर्ने ।
९. विविध ।

**संचालक समितिको आज्ञाले**
**सचिव**

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लि.

**Durdristi Multipurpose Co-operative Ltd.**

परोपकार मार्ग, भिमसेनस्थान, काठमाण्डौं, नेपाल

# चौथो वार्षिक प्रतिवेदन

(२०८१ पौष २७ गते शनिबार)

## स्वागतम

आदरणीय शेयर सदस्य महानुभावहरु तथा आमन्त्रित अतिथिज्यूहरु, संस्थाको संचालक समितिको मिति २०८१/०८/२४ गते बसेको संचालक समितिको बैठकले गरेको निर्णय अनुसार आज सञ्चालन हुन गईरहेको संस्थाको यो गौरवमय चौथो वार्षिक साधारण सभामा उपस्थित भई सभाको गरिमा बढाई दिनु भएकोमा सम्पुर्ण शेयर सदस्य महानुभावहरु, आमन्त्रित अतिथि महानुभावहरु एवं कर्मचारी वर्गहरुमा संचालक समितिको तर्फबाट र यस संस्थाको सचिवको हैसियतले म हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछु। आजको हाम्रो यो सभा सफलतापुर्वक सम्पन्न गर्न पूर्ण साथ दिनुहुन्छ भन्ने आशा राख्दछु।

धन्यबाद !

(सचिव)

दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लि.
Durdristi Multipurpose Co-operative Ltd.

# संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गरिएको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन

**आदरणीय शेयरधनी सदस्य महानुभावहरु एवं उपस्थित सम्पुर्ण अतिथिज्युहरु,**

सर्वप्रथम यस संस्थाको चौथो वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएका सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा संचालक समिति एवं मेरो व्यक्तिगत तर्फबाट यहाँहरु सबैलाई हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

आदरणिय शेयर सदस्य महानुभावहरु ! हाल विश्व अर्थतन्त्र क्रमिक सुधारका साथ सामान्यीकरणतर्फ उन्मुख भएको देखिन्छ । हाम्रो देश नेपालमा कोरोना महामारीपछि अर्थतन्त्रको प्रगति अझै चुनौतीको रुपमा रहेको छ । नेपालको संविधानको प्रावधानअनुरुप अर्थतन्त्रका तीन खम्बा सरकारी, निजी र सहकारी सबैंको अवस्था नाजुक छ । सहकारीको न्यूनतम मूल्य मान्यता समेत पालन नगरेका तथा नीति, विधि र प्रविधिमा सञ्चालन नभएका सहकारी संस्थाहरुमा देखापरेका समस्या तथा राज्यका उच्च पदस्थ व्यक्तिहरू समेत सहकारीको बचत दुरूपयोगसंग जोडिएको समाचारहरूले आम जनमानसको नजरमा सहकारीप्रतिको भावना नकारात्मक बन्दै गयो । वित्तीय बजारमा देखिएका यस प्रकारका समस्याहरूका बावजुद यस सहकारी संस्थाले संस्थागत सुशासन, वित्तीय पारदर्शीता तथा उत्कृष्ट कार्यकुशलताका साथ सफलतापूर्वक आफ्ना सदस्यहरूलाई सेवा दिइरहेको छ ।

यस सहकारी संस्थाका सदस्यहरूको बचतको सुरक्षा, सुरक्षित लगानी, उचित प्रतिफल र संस्थागत जोखिम न्यूनीकरणका लागि संस्थागत सुशासन तथा सहकारीको सिद्धान्त र मूल्य मान्यताहरूलाई सदैव प्राथमिकतामा राखी आफ्नो जिम्मेवारीको पालना गर्न र जवाफदेहिता वहन गर्न हामी प्रतिवद्ध रहेका छौं । त्यसैगरी संस्थागत सुशासनको आधारहरु पारदर्शिता, जवाफदेहिता, विधिको शासन, सहभागिता, समावेशीकरण र अनुशासनका आधारमा सञ्चालक समितिका सबै सदस्यहरूले संस्थासंग सरोकार राख्ने सबै प्रकारका गतिविधि तथा क्रियाकलापमा संयमता कायम गर्दै आउनु भएको छ र यस विषयमा सञ्चालक समिति सदैव संवेदनशील र सचेत रहने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय सहकारी विभाग नयाँ बानेश्वरबाट यस संस्थामा सम्पत्ति शुद्धिकरण (मनीलाउण्डरिङ) निवारण ऐन, २०६४ र सो अर्न्तगत बनेको नियमावलीको प्रभावकारी कार्यान्वयनद्वारा सहकारी संस्थाहरुमा हुने वित्तीय कारोवारको स्वच्छता एवं पारदर्शिता कायम गर्न सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ तथा सहकारी ऐन, नियमावली र निर्देशनको व्यवस्थाहरुको पालनको अवस्थाको स्थलगत अनुगमन गरेको थियो । समय समयमा नियामक निकायबाट हुने यस प्रकारका अनुगमनहरूले संस्थालाई थप सदस्य केन्द्रित हुन र सुरक्षित सहकारी संस्था निर्माण गर्न मार्गदर्शन प्राप्त भएको संस्थाले महसुस गरेको छ ।

यसका साथै आर्थिक वर्ष २०८०/८१ को संस्थाको वासलात, नाफा/नोक्सान, हिसाब, नगद प्रवाह विवरण एवं तत्सम्बन्धी अनुसूचिहरु, संस्थाको अन्य आर्थिक विवरणहरु, लेखा समिति तथा लेखापरीक्षकले पेश गरेका प्रतिवेदनहरु समेत यसै वार्षिक प्रतिवेदन पुस्तिकामा संलग्न गरी यहांहरुको अध्ययनका लागि पेश गरेका छौं । सोही आधारमा यस सभामा सो बारे छलफल हुदां यहांहरुबाट अमूल्य सुझाव र मार्गदर्शनका साथै संचालक समितिका निर्णयहरुलाई सर्वसम्मतीबाट पारीत गरीदिनु हुने कुरामा बिश्वस्त छु । अब म यस सम्मानित सभामा संस्थाको सञ्चालक समितिको तर्फबाट तयार गरिएको आर्थिक वर्ष २०८०/८१ मा भएको विभिन्न आर्थिक कारोवारहरु एवं प्रगति विवरण र चालु आर्थिक वर्ष २०८१/८२ मा संस्थाको भावी कार्यक्रम तथा लक्ष्य तथा खर्च बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

धन्यवाद ।

बिनोद कुमार मानन्धर
अध्यक्ष

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लि.
## Durdristi Multipurpose Co-operative Ltd.

## आ.व. २०८०/८१ मा भएको विभिन्न आर्थिक कारोवारहरु एवं प्रगति बारे संक्षिप्त जानकारी

१) शेयर पुंजी :
आ.व. २०८०/८१ मा संस्थाको शेयर पूँजी रु. ३,१७,५८,२०० बाट बृद्धि भई रु.३,२७,३५,२०० कायम भएको छ ।

२) बचत (निक्षेप) :
आ.व. २०८०/८१ मा संस्थाले आफ्नो सदस्यहरुबाट विभिन्न प्रकारका खाताहरुमा रु.५६,३३,७४,१५२ बचत संकलन गर्न सफल भएको छ ।

३) कर्जा :
आ.व. २०८०/८१ मा संस्थाले आफनो सदस्यहरुलाई विभिन्न कर्जा शीर्षकमा कर्जा लगानी तथा निजहरुबाट कर्जा असुली गरी आ.व. २०८०/८१ को मसान्तसम्ममा रु.४९,३४,३८,५६१ कर्जा बांकी रहेको छ ।

४) लगानी :
संस्थाले कर्जा लगानी बाहेक हालसम्म रु.१५,००,००० (अक्षरेपी पन्ध्र लाख मात्र) शेयर लगानी गरेको छ ।

५) वार्षिक खर्च :
गत आ.व. २०८०/८१ मा संस्थाले रु.५,७६,८९,६०६ व्याज खर्च, रु.६४,७९,९७८ कर्मचारी खर्च, रु.५२,७२,३१० प्रशासन खर्च, रु.१,३६,५२३ मर्मत सम्भार खर्च तथा रु.१२,६३,११६ ह्रास कट्टी खर्च गरेको छ ।

६) वार्षिक आम्दानी :
गत आ.व. २०८०/८१ मा संस्थाको व्याज आम्दानी रु.७,२८,३१,६२८ र अन्य आम्दानी रु.१५,००,७३८ रहेको छ ।

७) नाफा/नोक्सानको स्थिति :
आ.व. २०८०/८१ को आयकर व्यवस्था पछिको खुद नाफा रु.२०,९८,०१३।४४ रहेको छ ।

८) नाफा/नोक्सानको बाँडफाँड :
आ.व. २०८०/८१ को खुद नाफाबाट नाफा/नोक्सानको बाँडफाँड निम्न बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| क) | साधारण जगेडा कोष | ५८३,११६ |
| ख) | संरक्षित पुंजी फिर्ता कोष | ३९३,३७७ |
| ग) | सहकारी प्रबर्द्धन कोष | ७,८६७ |
| घ) | सहकारी शिक्षा कोष | ५८,६१३ |
| ङ) | शेयर लाभांश कोष | ७६१,९७२ |
| च) | कर्मचारी वोनस कोष | - |
| छ) | सहकारी विकास कोष | ५८,६१३ |
| ज) | घाटापुर्ति कोष | ५८,६१३ |
| झ) | सामुदायिक विकास कोष | ५८,६१३ |
| ञ) | स्थिरिकरण कोष | ५८,६१३ |
| ट) | अन्य जोखिम व्यवस्थापन कोष | ५८,६१३ |

## संस्थाको भावी कार्यक्रम तथा लक्ष्य

| विवरण | यस वर्ष (आ.व. ८०/८१) | लक्ष्य (आ.व. ८१/८२) |
|---|---|---|
| शेयर पूंजी | ३२,७३५,२००।०० | ४२,५००,०००।०० |
| निक्षेप हिसाव | ५६३,३७४,१५२।३७ | ६६०,०००,०००।०० |
| कर्जा लगानी (सदस्यहरुलाई) | ४९३,४३८,५६१।६२ | ६०३,४००,०००।०० |
| | | |
| व्याज आम्दानी | ७२,८३१,६२८।१३ | ९६,३७९,०००।०० |
| अन्य आम्दानी | १,५००,७३८।३० | २,११२,०००।०० |
| **जम्मा आम्दानी** | **७४,३३२,३६६।४३** | **९८,४९१,०००।००** |
| व्याज खर्च | ५७,६८९,६०६।९१ | ७८,२०१,०००।०० |
| अन्य खर्च तथा व्यवस्थाहरु | १४,५४४,७४६।०८ | १६,२३४,०००।०० |
| गत वर्षको नोक्सानी बांकी | ०।०० | ०।०० |
| **खुद वचत (नोक्सानी)** | **२,०९८,०१३।४४** | **४,०५६,०००।००** |

## आ.व. २०८१/८२ को प्रस्तावित खर्च बजेट

| विवरण | यस वर्ष (आ.व. ७९/८०) | लक्ष्य (आ.व. ८०/८१) |
|---|---|---|
| कर्मचारी खर्च | ६,४७९,९७८।६२ | ८,००३,०००।०० |
| प्रशासकिय खर्च | ५,२७२,३१०।२३ | ६,५९१,०००।०० |
| मर्मत सम्भार खर्च | १३६,५२३।११ | २५०,०००।०० |
| **जम्मा** | **११,८८८,८११।९६** | **१४,८४४,०००।००** |

## चौथो वार्षिक साधारण सभा समक्ष लेखा सुपरीवेक्षण समितिको तर्फबाट
आ.व. २०८०/८१ को प्रतिवेदन

**आदरणीय शेयर सदस्य महानुभावहरू,**

यस दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लि. को चौथो वार्षिक साधारण सभामा उपस्थित अतिथिहरू, सञ्चालक समितिका पदाधिकारीहरू, यस संस्थाको सदस्य महानुभावहरू एवं कर्मचारी मित्रहरूमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहन्छौं ।

यस समितिले सहकारी ऐन, संस्थाको विनियम, संस्थाको कारोवार, आ.व. २०८०/८१ मा राखेको लक्ष्य तथा अन्य गतिविधिहरूको अनुगमन र सुपरिवेक्षणको सन्दर्भमा देखिएका तथा सदस्यहरूबाट औपचारिक-अनौपचारिक रूपमा प्राप्त सुझावका आधारमा यो प्रतिवेदन तयार गरी प्रस्तुत गरेका छौं । सहकारी नियमावली, २०७५ बमोजिम यस संस्थाको आ.व.२०८०/८१ को लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन निम्न प्रकार रहेको जानकारी गराउन चाहन्छौं ।

**१. अघिल्लो साधारण सभाको निर्णयहरूको कार्यान्वयनको अवस्था :**
तेस्रो वार्षिक साधारण सभाले गरेको अधिकांश निर्णयहरू कार्यान्वयन भएका छन् । उक्त निर्णयहरू मध्ये निर्णय नं. ७ बमोजिम संस्थाको विनियम संशोधन गर्ने निर्णय पारित भएकोमा श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभाग, बाग्मती प्रदेश, हेटौंडाबाट उक्त संशोधन स्वीकृत हुन बांकी रहेको ।

**२. आ.व. ८०/८१ मा बसेको बैठक संख्या निर्णयहरू र निर्णयहरूको कार्यान्वयनको अवस्था:**
आ.व. ८०/८१ मा संचालक समितिको बैठक संख्या १८ रहेको र सो बैठकहरूमा भएका निर्णयहरू कार्यान्वयन भएका छन ।

**३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :**
सदस्यको आवश्यक कागजात सहित निवेदन प्राप्त भई निरिक्षण पश्चात यस संस्थाको संचालक समिति/व्यवस्थापन समिति/प्रमुख कार्यकारी अधिकृतले कर्जा स्वीकृति गरि विभिन्न चल/अचल सम्पत्ति, सुरक्षणहरू, व्यक्तिगत जमानी, सामुहिक जमानीमा ऋण लगानी गर्ने गरिएको छ ।

**४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी संक्षिप्त विवरण :**
सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा प्रचलित ऐन भित्र रही सहकारी विभागबाट जारी गरिएका सम्पूर्ण निति, निर्देशन तथा मापदण्डहरू यथोचित रूपमा पालना गरिदै आएको छ ।

**५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्ध विवरणहरू :**
मिति २०८१ श्रावण २७ गते नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरीवी निवारण मन्त्रालय सहकारी विभाग नयाँ बानेश्वरबाट सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ र सो अन्तर्गत बनेको नियमावली, निर्देशन तथा सहकारी ऐन, नियमावली र निर्देशनका व्यवस्थाहरुको पालनको अवस्थाको स्थलगत अनुगमन भएको ।

**६. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :**

**६.१ पारिश्रमिक :**
प्रमुख कार्यकारी अधिकृतको मासिक पारिश्रमिक तथा भत्ता रु. १२६,०००।०० (अक्षरेपी एक लाख छब्विस हजार मात्र) (ग्रेड सहित) तथा खाजा खर्च वापत प्रति हाजिर दिन रु. १५०।०० रहेको ।

**६.२ भत्ता :**

- संचालकहरु तथा अन्य आमन्त्रित सदस्यहरुले संचालक समितिको बैठकमा भाग लिए बापत प्रति बैठक भत्ता रु. २,०००।०० (अक्षरेपी दुई हजार मात्र) (कर समेत) ।
- लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको बैठक भत्ता रु. १,८००।०० (अक्षरेपी एक हजार आठ सय मात्र) प्रति बैठक (कर समेत) ।
- उप-समितिहरुको बैठक भत्ता रु. १,८००।०० (अक्षरेपी एक हजार आठ सय मात्र) प्रति बैठक (कर समेत) ।

**६.३ अन्य सुविधाहरू :**

प्रमुख कार्यकारी अधिकृतलाई गाडी तथा ईन्धन सूबिधा तथा सहकारीको नियम अनूसार कर्मचारीले पाउने बिदा, बोनस, वार्षिक ग्रेड बृद्धि, उपदान, दशैं खर्च, औषधि खर्च, पोशाक खर्च तथा संचयकोष सुबिधाका साथै अन्य सुबिधाको हकमा सहकारीको नियम बमोजिम अन्य कर्मचारीले पाउने सुबिधाहरु रहेकोमा हालसम्म गाडी प्रदान नगरेको ।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :**

**७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको :**

भएको

**७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको :**

प्रयोगमा ल्याइएको ।

**७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको :**

भएको

**७.४ कार्यरत कर्मचारीहरू र कार्यवोझ बीच तादम्यता रहेको/नरहेको :**

रहेको

**७.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण :**

व्यवस्थापन प्रमुखको

१) योग्यता : स्नातकोत्तर तह

२) क्षमता : व्यवस्थापन क्षेत्रमा ६ वर्ष तथा बैंकिङ्ग क्षेत्रमा ३० बर्ष गरी जम्मा ३६ वर्षको कार्य अनुभवका साथै स्थापना देखि यस संस्थामा कार्यरत

**७.६ कर्मचारीहरूको भर्ना प्रक्रिया र संख्या :**

**७.६.१ करार** : ३

**७.६.२ अस्थायी** : २

**७.६.३ स्थायी** : १५

**८. लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था:**

लेखा समितिको दिएको प्रतिवेदनका प्राय सबै सुझावहरूको कार्यान्वयन भएका छन् ।

**९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू :**

- आ.व. २०८०/८१ मा संस्थाको कारोवार रकममा सन्तुष्टीजनक प्रगति भएको छ। संस्थाको शेयर पुंजी ३.०८ प्रतिशतले, निक्षेप १७.८४ प्रतिशतले तथा कर्जा लगानी १४.२३ प्रतिशतले बृद्धि भएको छ ।
- संस्थाको वित्तीय विवरणको अभिलेखहरू उचित तथा पारदर्शी रहेको पाइयो ।
- संस्थाले सहकारी विभागको निर्देशन बमोजिम सदस्य पहिचान विवरण (KYM) फारमको ढांचा परिवर्तन गरी सदस्यहरूको विवरण अध्यावधिक गरिरहेको पाइयो ।
- "सम्पत्ति शुद्धिकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धि नीति, २०८१" तयार गरी कार्यान्वयन गरिएको ।

**१०. लेखा समितिको सुझाव :**

- लगानीका नयाँ क्षेत्र पहिचान गरी सुरक्षित लगानीमा प्राथमिकता दिनुपर्ने ।
- सहकारी संस्थाले प्रवाह गरेका ऋणहरूको सदुपयोगिताको निरीक्षण तथा असुलीमा जोड दिनुपर्ने ।
- संस्थाका समिति तथा उपसमितिका पदाधिकारीहरू, कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि आवश्यक तालिमहरू उपयोगी हुने ।
- संस्थाले आफ्ना सदस्यहरूलाई विद्युतीय प्रविधि प्रयोग गरी सेवा विस्तार गर्नुपर्ने ।

| | | |
|---|---|---|
| लेखा समिति संयोजक | लेखा समिति सदस्य | लेखा समिति सदस्य |
| दिनेश श्रेष्ठ | विदुर बज्राचार्य | हेरा रत्न महर्जन |

# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

## दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका शेयरधनीहरु समक्ष वित्तीय विवरणको लेखापरीक्षकको प्रतिवेदन

हामीले यस सहकारी संस्था लि.को यसै साथ संलग्न २०८१ आषाढ मसान्तको वासलात (वित्तीय स्थिति विवरण), सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्याय हिसाब विवरण, नगद प्रवाह विवरण, प्रमुख लेखा नीति तथा टिप्पणीको लेखापरीक्षण गरेका छौं ।

**वित्तिय विवरण उपर राय :**

हामीले दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको यसै साथ संलग्न वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं । जसमा २०८१ आषाढ ३१ गतेको वासलात र सोही मितिमा समाप्त बर्षको आय विवरण, स्वामित्व अंशमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरण, महत्वपूर्ण लेखाङ्कन नीतिहरु र अन्य ब्याख्यात्मक टिप्पणीहरु समावेश रहेको छ ।

हाम्रो रायमा दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको संलग्न बित्तीय विवरणले संस्थाको २०८१ आषाढ ३१ गतेको वित्तीय स्थिति तथा उक्त अवधिको वित्तीय सञ्चालन नतिजा र नगद प्रवाहको लेखाका सर्वमान्य शिद्धन्त अनुसार सही र यर्थाथ चित्रण गर्दछ ।

**रायको आधार :**

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौ । यसै प्रतिबेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा ति लेखापरीक्षणमान अनुसारका हाम्रो जिम्मवारीको थप बर्णन गरिएको छ । हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स सस्थाबाट जारी भएको लेखा ब्यसायीहरुको आचार सहिता तथा नेपालमा वित्तीय लेखापरीक्षणका लागि सांदर्भिक आचरणको प्रावधान अनुसार हामी वित्तीय विवरणहरुको लेखापरीक्षण गर्न स्वतन्त्र छौ र हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स सस्थाबाट जारी भएको आचार संहिताहरुका अन्य प्रावधानहरुको पालना गरेका छौ । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय ब्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी बिश्वस्त छौ ।

**वित्तीय विवरणहरुका लागि व्यवस्थापन तथा शासकीय भूमिकामा रहेकाको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिबेदनमान वा साना मझौला उध्यमीको लागि नेपाल प्रतिबेदनमान (वा सम्बन्धित ऐन अन्य नियम कानून, अभ्यास) अनुरुप वित्तीय विवरण तयार गर्ने तथा उचित प्रस्तुती गर्ने जिम्मेबारी ब्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारी अन्तर्गत वित्तीय विवरण तयारी र प्रस्तुतीकरणसंग सम्बधित आन्तरकि नियन्त्रणको खाका तयार गर्ने, कार्यन्वयन गर्ने, तथा कायम राख्ने कार्यहरु पर्दछन । जसमा वित्तीय विवरणहरु त्रुटि तथा जासाजीको कारणले सारभूत रुपमा गलत आकडासहित छैनन भन्ने कुरामा बिश्वस्त हुने, उपयुक्त लेखानीतिहरुको छनौट र कार्यान्वयन गर्ने, आबश्यकता अनुसार लेखा अनुमान गर्ने कार्यहरु समेत पर्दछन ।

निकाय सञ्चालन सामर्थ्यको व्यवस्थापकीय मूल्याँकन र निकायलाई खारेज गर्ने मनसाय नभएसम्म सामान्यतया: वित्तीय विवरणहरु अविच्छिन्नताको मान्यतामानै तयार गर्ने र सोको उपयूक्त खुलासा गर्ने कार्यको जिम्मेबारी ब्यवस्थापनमा रहेको छ । शासकीय भूमिकामा रहेकाहरुको जिम्मेबारी निकायको वित्तीय प्रतिबेदन प्रकियाको रेखदेख गर्ने रहेको छ ।

Shiwani & Associates Chartered Accountants Kathmandu

**वित्तीय लेखापरीक्षणका लागि लेखापरीक्षकको उत्तरदायित्व**

हाम्रो उत्तरदायित्व समष्टिगतरुपमा वित्तीय विवरणहरु त्रुटि वा जालसाजीका कारण सारबान गलत आँकडायुक्त नभएको आश्वस्तता प्राप्त गर्नु र आफ्नो रायसहितको प्रतिवेदन जारी गर्नु हो । मनासिव माफिकको आश्वस्तता भनेको उच्च तहको आश्वस्तता हो तर नेपाल लेखापरीक्षमान अनुसार लेखापरीक्षण गर्दा सारबान गलत आँकडायुक्त प्रस्तुतिकरणको सदैव पहिचान हुन्छ नै भन्ने प्रत्याभुती गर्दैन । गलत प्रस्तुतिकरण त्रुटि वा जालसाजीका कारण हुन सक्दछ र यदि तिनको एकल वा समष्टिगतकारणले त्यस्ता वित्तीय बिबरणको आधारमा लिने आर्थिक निर्णयहरुमा असर गर्दछ भने सारबान ठहरिन्छ ।

**अन्य कानूनी तथा नियामक निकायका आवश्यकता उपर प्रतिवेदन**

सहकारी ऐन बमोजिम देहाएका ब्यहोरा प्रमाणित गर्दछौ ।

क. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक सूचनाहरु र स्पष्टिकरण प्राप्त गरयौ ।

ख. सहकारी ऐन बमोजिम संस्थाले आफ्नो कारोबारको यथार्थ स्थिति सपष्ट हुने गरी लेखा राखेको छ ।

ग. यसै प्रतिबेदनको माथि बुदामा उल्लेख भएको सलंग्न बासलात, नाफा नोक्सानीको हिसाव र नगद प्रबाह विवरण प्रचलित कानून बमोजिम निर्धारण गरिएको लेखामान अनुरुप तयार भएको छ । त्यस्ता बिबरणहरु संस्थाले राखेको लेखासंग दुरुस्त रहेको छ ।

घ. लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराईएका स्पष्टीकरण तथा सूचनाहरुको आधारमा, हाम्रो रायमा प्रस्तुत वासलातले कम्पनीको आर्थिक अवस्थाको तथा सोही मितिमा समाप्त भएको बर्षको नाफा नोक्सानी हिसाब र नगद प्रवाह विवरणले क्रमश: कम्पनीको नाफा नोक्सान र नगद प्रवाहको समुचित चित्रण गर्दछ ।

ङ. सञ्चालक समिति वा प्रतिनिधी वा कुनै कर्मचारीले कानून बिरुद्ध काम काज गरेको वा कम्पनकिो सम्पति हिनामिना गरेको वा कम्पनीको हानी नोक्सानी गरेको ब्यहोरा हाम्रो जानकारीमा आएन ।

च. संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी गरेको ब्यहोरा हाम्रो जानकारीमा आएन ।

छ. लेखापरीक्षणको दौरानमा हाम्रो जानकारीमा आएका आन्तरिक नियन्त्रण प्रणालीमा देहिएका कमि कमजोरीहरु सुधारका ब्यहोरा समेटिएको ब्यवस्थापत्र छुट्टै जारी गरिएको छ ।

Shiwani & Associates Kathmandu Chartered Accountants

सि.ए. शिवानी श्रेष्ठ

प्रोप्राइटर

शिवानी एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्

मिति : २०८१।०९।२२

स्थान : काठमाडौं

UDIN: 250106CA01592Bv5f9

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व. २०८०।८१

## वासलात

२०८१ आषाढ मसान्तको

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| **श्रोतको उपयोग** | | | |
| स्थीर सम्पति | १ | ११,७९१,७३४।६५ | १२,७९४,७६५।०३ |
| शेयर लगानी हिसाव | २ | १,५००,०००।०० | १,५००,०००।०० |
| कर्जा लगानी (सदस्यहरुलाई) | ३ | ४९३,४३८,५६१।६२ | ४३१,९८४,०४३।२२ |
| सामानको मौज्दात | ४ | ०।०० | ०।०० |
| पाउनु पर्ने हिसाव | ५ | ४,१६८,१३८।७० | २,६०१,०५९।४१ |
| व्याज मुल्तबी | ६ | ९,३१३,१६१।४८ | ७,२४७,३३३।१५ |
| धरौटी | ७ | २,२५०।०० | २,२५०।०० |
| नगद तथा बैंक मौज्दात | ८ | १०२,९९८,३५४।७२ | ११०,६१९,९२१।८९ |
| संचित नोक्सानी हिसाव | ९ | ०।०० | ०।०० |
| जम्मा | | ६२३,२१२,२०१।१७ | ५६६,७४९,३७२।७० |
| **कोषको श्रोत** | | | |
| शेयर पूंजी | १० | ३२,७३५,२००।०० | ३१,७५८,२००।०० |
| कोष तथा व्यवस्थाहरु | ११ | ७,६७८,९५५।९२ | ४,६८६,३०९।७० |
| कर्जा लिएको हिसाव | १२ | १४,४४०,९२०।७३ | ४७,६१९,१३६।१७ |
| निक्षेप हिसाव | १३ | ५६३,३७४,१५२।३७ | ४७८,०७९,५९०।३० |
| अन्य दायित्व | १४ | ३,६४२,६५२।६८ | ३,५६०,५६५।५९ |
| आयकर तथा खर्च व्यवस्था | १५ | १,३२९,५०९।१८ | १,०४५,५७०।९४ |
| स्थगन कर | १६ | १०,८१०।२९ | ०।०० |
| नाफा नोक्सान हिसाव | ९ | ०।०० | ०।०० |
| जम्मा | | ६२३,२१२,२०१।१७ | ५६६,७४९,३७२।७० |

| लक्ष्मी लाल नकर्मी | रिना नकर्मी | विकास शाक्य | सुशिल सम माथेमा | गोपाल राजभण्डारी |
|---|---|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | सदस्य | सदस्य | सदस्य | कोषाध्यक्ष |

| अच्युत रत्न बज्राचार्य | विनोद श्रेष्ठ | विनोद कुमार मानन्धर | सि.ए शिवानी श्रेष्ठ |
|---|---|---|---|
| सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक |

Shiwani & Associates Kathmandu Chartered Accountants

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व. २०८०।८१

## आय विवरण

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| आय | | | |
| व्याजवाट प्राप्त आम्दानी (१) | | ६३,५२७,९८७।१७ | ५९,०९०,४६१।२२ |
| बैंक व्याज आय (२) | | ९,३०३,६४०।९६ | ९,४०७,९२७।५१ |
| **जम्मा व्याज आय (३) (१+२)** | | **७२,८३१,६२८।१३** | **६८,४९८,३८८।७३** |
| | | | |
| व्याज खर्च (४) | | ५४,४५६,९९६।५६ | ५१,११५,४५४।५२ |
| व्याज खर्च वाह्य कर्जामा (५) | | ३,२३२,६१०।३५ | १,४४९,४८५।२२ |
| **कूल व्याज खर्च (६) (४+५)** | | **५७,६८९,६०६।९१** | **५२,५६४,९३९।७४** |
| **कुल वचत (७) (३-६)** | | **१५,१४२,०२१।२२** | **१५,९३३,४४८।९९** |
| कुल नोक्सानी | | ०।०० | ०।०० |
| **अन्य आम्दानी (८)** | १७ | **१,५००,७३८।३०** | **१,९५२,२२४।६३** |
| **अन्य आम्दानी पछिको कुल वचत (९) (७+८)** | | **१६,६४२,७५९।५२** | **१७,८८५,६७३।६२** |
| अन्य आम्दानी पछिको कुल नोक्सानी | | ०।०० | ०।०० |
| कर्मचारी खर्च (१०) | १८ | ६,४७९,९७८।६२ | ५,४८९,४३३।३९ |
| प्रशासकिय खर्च (११) | १९ | ५,२७२,३१०।२३ | ४,५६९,९३४।४८ |
| मर्मत सम्भार खर्च (१२) | २० | १३६,५२३।११ | १३६,५१९।७८ |
| **कूल खर्च (१३) (१०+११+१२)** | | **११,८८८,८११।९६** | **१०,१९५,८८७।६५** |
| **खुद वचत (नोक्सानी) ह्रास अघि (१४) (९-१३)** | | **४,७५३,९४७।५६** | **७,६८९,७८५।९७** |
| **खुद वचत ह्रास अघि** | | **४,७५३,९४७।५६** | **७,६८९,७८५।९७** |
| **खुद नोक्सानी ह्रास अघि (१४) (९-१३)** | | **०।००** | **०।००** |
| जम्मा सञ्चालन खर्च | | ०।०० | ०।०० |
| **गैर सञ्चालन, गैर नगद र नोक्सानी खर्च** | | ०।०० | ०।०० |
| स्थिर सम्पति को ह्रास व्यवस्था (१५) | १ | १,२६३,११६।८३ | १,४५१,४१४।३१ |
| **खुद वचत (नोक्सानी) खर्च व्यवस्था अघि (१६) (१४-१५)** | | **३,४९०,८३०।७३** | **६,२३८,३७१।६६** |
| **खुद वचत खर्च व्यवस्था अघि** | | **३,४९०,८३०।७३** | **६,२३८,३७१।६६** |
| **खुद नोक्सानी खर्च व्यवस्था अघि (१६) (१४+१५)** | | **०।००** | **०।००** |
| खराव कर्जा, ब्याज मूल्तबी कोष अपलेखन | | ०।०० | ०।०० |
| चोरीवाट नोक्सानी | | ०।०० | ०।०० |
| कर्जा नोक्सानी व्यवस्था खर्च | २१ | ९३२,०४९।२८ | ६९६,८५४।७५ |
| **जम्मा खर्च व्यवस्था (१७)** | | **९३२,०४९।२८** | **६९६,८५४।७५** |
| **खुद वचत (नोक्सानी) बोनस व्यवस्था अघि (१८) (१६-१७)** | | **२,५५८,७८१।४५** | **५,५४१,५१६।९१** |
| **खुद वचत बोनस व्यवस्था अघि** | | **२,५५८,७८१।४५** | **५,५४१,५१६।९१** |
| **खुद नोक्सानी बोनस व्यवस्था अघि (१८) (१६+१७)** | | **०।००** | **०।००** |
| कर्मचारी वोनस | | २३२,६१६।५० | ५०३७७४।२६ |
| **खुद वचत (नोक्सानी)** | | **२,३२६,१६४।९५** | **५,०३७,७४२।६५** |
| **खुद वचत** | | **२,३२६,१६४।९५** | **५,०३७,७४२।६५** |
| **खुद नोक्सानी** | | **०।००** | **०।००** |
| गत वर्षको नोक्सानी बांकी (१९) | | ०।०० | ४,९१४,३४३।९३ |
| कर योग्य नाफा | | २,३२६,१६४।९५ | १२३,३९८।७२ |
| **जम्मा नोक्सानी बांकी (२०) (१८+१९)** | | **०।००** | **०।००** |
| आयकर व्यवस्था खर्च | | २१७,३४१।२१ | ३,२२३।३५ |
| स्थगन कर व्यवस्था खर्च | | १०,८१०।२९ | ०।०० |
| **खुद वचत (नोक्सानी) कर व्यवस्था पछि** | | **२,०९८,०१३।४४** | **१२०,१७५।३७** |
| **खुद वचत कर व्यवस्था पछि** | | **२,०९८,०१३।४४** | **१२०,१७५।३७** |
| **खुद नोक्सानी कर व्यवस्था पछि** | | **०।००** | **०।००** |

| | | | | |
|---|---|---|---|---|
| लक्ष्मी लाल नकर्मी | रिना नकर्मी | विकास शाक्य | सुशिल राम माथेमा | गोपाल राजभण्डारी |
| प्रमुख कार्यकारी अधिकृत | सदस्य | सदस्य | सदस्य | कोषाध्यक्ष |

| | | | |
|---|---|---|---|
| अच्युत रत्न वज्राचार्य | विनोद श्रेष्ठ | विनोद कुमार मानन्धर | सि.ए. शिवानी श्रेष्ठ |
| सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक |

Shiwani & Associates ★ Kathmandu ★ Chartered Accountants

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व. २०८०।८१

## नगद प्रवाह विवरण

२०८१ आषाढ मसान्तको

| विवरण | भित्री नगद प्रवाह | बाह्य नगद प्रवाह |
|---|---|---|
| **संचालन नगद प्रवाह** | | |
| खुद मुनाफा कर पछि | २,१०८,८२३।७४ | ०।०० |
| समायोजन | ०।०० | ०।०० |
| स्थायी सम्पत्तिमा ह्रास | १,२६३,११६।८३ | ०।०० |
| अन्य कोषमा परिवर्तन | ८९४,६३२।७८ | ०।०० |
| आयकर व्यवस्थामा थप | २८३,९३८।२४ | ०।०० |
| संचालन मुनाफा चालु पुंजीमा परिवर्तन अघि | ४,५५०,५११।५८ | ०।०० |
| **चालु सम्पत्ति तथा दायित्वमा परिवर्तन** | | |
| निक्षेप हिसावमा (न्युन) बृद्धि | ८५,२९४,५६२।०७ | ०।०० |
| अन्य दायित्व रकम (न्युन) बृद्धि | ८२,०८७।०९ | ०।०० |
| भुक्तानी दिनु पर्ने हिसाव | ०।०० | ०।०० |
| कर्जा लगानी हिसाव (बृद्धि) न्युन | ०।०० | ६१,४५४,५१८।४० |
| पाउनु पर्ने हिसावमा परिवर्तन | ०।०० | ३,६३२,९०७।६२ |
| धरौटी रकम (बृद्धि) न्युन | ०।०० | ०।०० |
| संचालन प्रकृयावाट नगद प्रवाह | ८५,३७६,६४९।१६ | ६५,०८७,४२६।०२ |
| **लगानी गतिविधीवाट नगद प्रवाह** | | |
| स्थायी सम्पत्ति खरीद | ०।०० | २६०,०८६।४५ |
| लगानी हिसावमा परिवर्तन | ०।०० | ०।०० |
| संचालन प्रकृयावाट खुद नगद प्रवाह (१:२) | ८९,९२७,१६०।७४ | ६५,३४७,५१२।४७ |
| **वित्तीय प्रकृयावाट नगद प्रवाह** | | |
| शेयर लगानी वापत नगद प्रवाह | ९७७,०००।०० | ०।०० |
| कर्जा लिएको हिसावमा परिवर्तन | ०।०० | ३३,१७८,२१५।४४ |
| वित्तीय प्रकृयावाट खुद नगद प्रवाह | ९७७,०००।०० | ३३,१७८,२१५।४४ |
| कुल नगद प्रवाह | ९०,९०४,१६०।७४ | ९८,५२५,७२७।९१ |
| खुद नगद प्रवाह | ०।०० | ७,६२१,५६७।१७ |
| शुरु नगद मौज्दात | ११०,६१९,९२१।८९ | ०।०० |
| अन्तिम नगद मौज्दात | ०।०० | १०२,९९८,३५४।७२ |
| | १०२,९९८,३५४।७२ | १०२,९९८,३५४।७२ |

| | | | | |
|---|---|---|---|---|
| लक्ष्मी लाल नकर्मी<br>प्रमुख कार्यकारी अधिकृत | रिना नकर्मी<br>सदस्य | विकास शाक्य<br>सदस्य | सुशिल राम माथेमा<br>सदस्य | गोपाल राजभण्डारी<br>कोषाध्यक्ष |
| अच्युत रत्न बज्राचार्य<br>सचिव | विनोद श्रेष्ठ<br>उपाध्यक्ष | | विनोद कुमार मानन्धर<br>अध्यक्ष | सि.ए. शिवानी श्रेष्ठ<br>लेखापरीक्षक |

Shiwani & Associates Kathmandu Chartered Accountants

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व. २०८०।८१

## इक्विटीमा भएको परिबर्तनको बिवरण

| बिवरण | शुरु मौज्दात | लेखा नीतिमा परिवर्तनको असर | परिवर्तित मौज्दात | यस वर्ष थप | यस वर्ष न्यून | सम्पत्ति पून: मूल्यांकन | कोषवाट भूक्तानी वा खर्च | विभिन्न कोष समायोजन | यस वर्षको नाफा बांडफांड | अन्य | अन्तिम मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| चुक्ता शेयर पुंजी | ३१,७५८,२००।०० | | ३१,७५८,२००।०० | १,२८२,०००।०० | ३०५,०००।०० | | | | | | ३२,७३५,२००।०० |
| सचित नाफा | ०।०० | | ०।०० | ०।०० | | | | | ०।०० | | ०।०० |
| साधारण जगेडा कोष | ३०,०४३।८४ | ३,३५७।४० | ३३,४०१।२४ | ५८३,११६।६१ | | | | | | | ६१६,५१७।८५ |
| संरक्षित पुंजी फिर्ता कोष | २२,५३२।८८ | | २२,५३२।८८ | ३९३,३७७।५२ | | | | | | | ४१५,९१०।४० |
| सहकारी प्रवर्द्धन कोष | ४५०।६६ | | ४५०।६६ | ७,८६७।५५ | | | | | | | ८,३१८।२१ |
| शेयर लाभांश कोष | ४७,००३।५९ | (३,३५७।४०) | ४३,६४६।१९ | ७६१,९७२।२६ | | | | | | | ८०५,६१८।४५ |
| सहकारी शिक्षा कोष | ३,३५७।४० | | ३,३५७।४० | ५८,६१३।२५ | | | | | | | ६१,९७०।६५ |
| सहकारी विकास कोष | ३,३५७।४० | | ३,३५७।४० | ५८,६१३।२५ | | | | | | | ६१,९७०।६५ |
| कर्मचारी वोनस कोष | ०।०० | | ०।०० | ०।०० | | | | | | | ०।०० |
| घाटापुर्ति कोष | ३,३५७।४० | | ३,३५७।४० | ५८,६१३।२५ | | | | | | | ६१,९७०।६५ |
| सामुदायिक विकास कोष | ३,३५७।४० | | ३,३५७।४० | ५८,६१३।२५ | | | | | | | ६१,९७०।६५ |
| स्थिरिकरण कोष | ३,३५७।४० | | ३,३५७।४० | ५८,६१३।२५ | | | | | | | ६१,९७०।६५ |
| डुवन्त ऋण कोष | ०।०० | | ०।०० | ०।०० | | | | | | | ०।०० |
| अन्य जोखिम व्यवस्थापन कोष | ३,३५७।४० | | ३,३५७।४० | ५८,६१३।२५ | | | | | | | ६१,९७०।६५ |
| सदस्यता शुल्क कोष | ५६,८००।०० | | ५६,८००।०० | १६,४००।०० | | | | | | | ७३,२००।०० |
| कर्जा नोक्सानी व्यवस्था कोष | ४,००२,३३६।७२ | | ४,००२,३३६।७२ | ९३२,०४९।२८ | | | | | | | ४,९३४,३८६।०० |
| **अन्तिम मौज्दात** | ३५,९८९,५१२।०९ | ०।०० | ३५,९३७,५१२।०९ | ४,३२८,४६२।७२ | ३०५,०००।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ३९,९६०,९७४।८१ |

लक्ष्मी लाल नकर्मी
प्रमुख कार्यकारी अधिकृत

रिना नकर्मी
सदस्य

विकास शाक्य
सदस्य

सुशिल राम माथेमा
सदस्य

गोपाल राजभण्डारी
कोषाध्यक्ष

अच्युत रत्न बज्राचार्य
सचिव

विनोद श्रेष्ठ
उपाध्यक्ष

विनोद कुमार मानन्धर
अध्यक्ष

सि.ए. शिवानी श्रेष्ठ
लेखापरीक्षक

Shiwani & Associates
Kathmandu
Chartered Accountants

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व. २०८०।८१

सम्पति तथा ह्रास खर्च विवरण

| क.सं. | विवरण | शुरु परल मूल्य | यस वर्ष ह्रास आधारमा थप | अगामी वर्ष थप हुने | जम्मा परल मूल्य | शुरु ह्रास आधार मूल्य | ह्रास आधार मूल्य | दर | ह्रास रकम | वर्षान्तमा वांकी | यस वर्ष थप कूल रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सवारी साधन | ५४७,३१७।३४ | ०।०० | | ७८९,४००।०० | | ५४७,३१७।३४ | | १०९,४६३।४७ | ४३७,८५३।८७ | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| २ | कार्यालय सामाग्री | १,७६०,६१८।७५ | २०,०२३।६० | | २,४१६,५३०।९५ | | १,७८०,६४२।३५ | | ३५४,७९३।५४ | १,४२५,८४८।८१ | | |
| | | | ०।०० | | | | | | | | | |
| | | | | | | | | | | | | |
| ३ | कम्प्यूटर र प्रिन्टर | ८१९,८५१।४७ | १७,३४५।५० | | १,१३३,१३७।५० | | ८३७,१९६।९७ | | १६७,४३९।४० | ६६९,७५७।५७ | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| ४ | फर्निचर | ७१०,९७७।४५ | २२२,७१७।३५ | | १,१९२,२३१।९९ | | ९३३,६९४।८० | | १५८,५१०।०६ | ७७५,१८४।७४ | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| ५ | भवन तथा संरचना | ८,८२०,४००।०२ | ०।०० | | ९,४६१,१२५।०२ | | ८,८२०,४००।०२ | | ४५५,९६०।३६ | ८,३६४,४३९।६६ | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| ६ | सफ्टवेयर | १३५,६००।०० | ०।०० | | १६९,५००।०० | | १३५,६००।०० | | १६,९५०।०० | ११८,६५०।०० | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | १२,७९४,७६५।०३ | २६०,०८६।४५ | | १५,१६१,९२५।४६ | | १३,०५४,८५१।४८ | | १,२६३,११६।८३ | ११,७९१,७३४।६५ | | |

लक्ष्मी लाल नकर्मी
प्रमुख कार्यकारी अधिकृत

रिना नकर्मी
सदस्य

विकास शाक्य
सदस्य

सुशिल राम माथेमा
सदस्य

गोपाल राजभण्डारी
कोषाध्यक्ष

अच्युत रत्न बज्राचार्य
सचिव

विनोद श्रेष्ठ
उपाध्यक्ष

विनोद कुमार मानन्धर
अध्यक्ष

सि.ए. शिवानी श्रेष्ठ
लेखापरीक्षक

Shiwani & Associates ★ Kathmandu ★ Chartered Accountants

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व. २०८०।८१

## शेयर लगानी हिसाव

अनुसुची २

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| शेयर लगानी | | १,५००,०००।०० | १,५००,०००।०० |
| जम्मा | | १,५००,०००।०० | १,५००,०००।०० |

## कर्जा लगानी हिसाव

अनुसुची ३

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| कर्जा लगानी | | ४९३,४३८,५६१।६२ | ४३१,९८४,०४३।२२ |
| जम्मा | | ४९३,४३८,५६१।६२ | ४३१,९८४,०४३।२२ |

## सामानको मौज्दात

अनुसुची ४

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| | | ०।०० | ०।०० |
| जम्मा | | ०।०० | ०।०० |

## पाउनु पर्ने हिसाव

अनुसुची ५

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| अग्रिम घरभाडा भूक्तानी | | ३७१,२५०।०० | ४६०,०००।०० |
| अन्य सम्पत्ति - कर्मचारी पेश्की | | ४७६,७००।०० | २१८,३५०।०० |
| अग्रिम आयकर | | ३,३१८,२४०।५३ | १,९२२,६९४।४१ |
| कर्जा लगानी - अन्य पाउनुपर्ने | | ०।०० | १५।०० |
| पाउनु पर्ने हिसाव | | १,९४८।१७ | ०।०० |
| जम्मा | | ४,१६८,१३८।७० | २,६०१,०५९।४१ |

लक्ष्मी लाल नकर्मी
प्रमुख कार्यकारी अधिकृत

रिना नकर्मी
सदस्य

विकास शाक्य
सदस्य

सुशिल राम माथेमा
सदस्य

गोपाल राजभण्डारी
कोषाध्यक्ष

अच्युत रत्न बज्राचार्य
सचिव

विनोद श्रेष्ठ
उपाध्यक्ष

विनोद कुमार मानन्धर
अध्यक्ष

सि.ए. शिवानी श्रेष्ठ
लेखापरीक्षक

Shiwani & Associates ★ Kathmandu ★ Chartered Accountants

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व. २०८०।८१

**व्याज मूल्तबी**

अनुसुची ६

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| पाउनू पर्ने नपाकेको व्याज (१) | | ६२८,७००।३२ | ४५८,०४५।०३ |
| पाउनू पर्ने पाकेको व्याज (२) | | १२,२५१,३१४।०२ | ६,६७८,४७८।३० |
| हर्जना व्याज (३) | | २५४,२५७।१८ | १७५,३८३।६६ |
| **जम्मा व्याज मूल्तबी (४) (१+२+३)** | | **१३,१३४,२७१।५२** | **७,३११,९०६।९९** |
| **व्याज सस्पेन्स (५)** | | **३,८२१,११०।०४** | **६४,५७३।८४** |
| **खुद पाउनु पर्ने व्याज (६) (४-५)** | | **९,३१३,१६१।४८** | **७,२४७,३३३।१५** |

**धरौटी हिसाव**

अनुसुची ७

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| धरौटी - टेलिफोन | | २,२५०।०० | २,२५०।०० |
| **जम्मा** | | **२,२५०।००** | **२,२५०।००** |

**नगद तथा बैंक/वित्तीय संस्था मौज्दात**

अनुसुची ८

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| नगद मौज्दात | | १,३७०,८५१।०० | १,२९४,६४८।२१ |
| बैंक/वित्तीय संस्था मौज्दात | ८।१ | ९,१२७,५०३।७२ | २१,३२५,२७३।६८ |
| बैंक/वित्तीय संस्था मुद्दती | ८।२ | ९२,५००,०००।०० | ८८,०००,०००।०० |
| **जम्मा** | | **१०२,९९८,३५४।७२** | **११०,६१९,९२१।८९** |

**नाफा नोकसानी बांडफांड हिसाव**

अनुसुची ९

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| गत वर्षको नाफा | | ०।०० | ०।०० |
| गत वर्षको नोक्सानी | | ०।०० | ४,९१४,३४३।९३ |
| यस वर्षको नाफा (कर पछी ) | | २,०९८,०१३।४४ | ५,०३४,५१९।३० |
| यस वर्षको नोक्सानी | | ०।०० | ०।०० |
| कोषमा बांडफांड अघिको नाफा | | २,०९८,०१३।४४ | १२०,१७५।३७ |
| **विनियोजन** | | | |
| क) साधारण जगेडा कोष | | ५८३,११६।६१ | ३०,०४३।८४ |
| ख) संरक्षित पूंजी फिर्ता कोष | | ३९३,३७७।५२ | २२,५३२।८८ |
| ग) सहकारी प्रवर्द्धन कोष | | ७,८६७।५५ | ४५०।६६ |
| घ) सहकारी शिक्षा कोष | | ५८,६१३।२५ | ३,३५७।४० |
| ङ) शेयर लाभांश कोष | | ७६१,९७२।२६ | ४७,००३।५९ |
| च) कर्मचारी वोनस कोष | | ०।०० | ०।०० |
| छ) सहकारी विकास कोष | | ५८,६१३।२५ | ३,३५७।४० |
| ज) घाटापूर्ति कोष | | ५८,६१३।२५ | ३,३५७।४० |
| झ) सामूदायिक विकास कोष | | ५८,६१३।२५ | ३,३५७।४० |
| ञ) स्थिरिकरण कोष | | ५८,६१३।२५ | ३,३५७।४० |
| ट) अन्य जोखिम व्यवस्थापन कोष | | ५८,६१३।२५ | ३,३५७।४० |
| नोक्सानी | | ०।०० | ०।०० |
| बांडफांड पछिको वांकी नाफा | | ०।०० | ०।०० |

| | | | | |
|---|---|---|---|---|
| लक्ष्मी लाल नकर्मी | रिना नकर्मी | विकास शाक्य | सुशिल राम मानेमा | गोपाल राजभण्डारी |
| प्रमुख कार्यकारी अधिकृत | सदस्य | सदस्य | सदस्य | कोषाध्यक्ष |

| | | | |
|---|---|---|---|
| अच्युत रत्न बज्राचार्य | विनोद श्रेष्ठ | विनोद कुमार मानन्धर | सि.ए. शिवानी श्रेष्ठ |
| सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक |

Shiwani & Associates ★ Kathmandu ★ Chartered Accountants

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व. २०८०।८१

## शेयर पुंजी हिसाव

अनुसुची १०

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| शुरुको शेयर रकम | | ३१,७५८,२००।०० | २८,९९९,९००।०० |
| यस वर्ष घटी भएका | | ३०५,०००।०० | ५२,०००।०० |
| यस वर्ष थप भएको शेयर | | १,२८२,०००।०० | २,८१०,३००।०० |
| **जम्मा** | | **३२,७३५,२००।००** | **३१,७५८,२००।००** |

## कोष तथा व्यवस्थाहरु

अनुसुची ११

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| साधारण जगेडा कोष | | ६१६,५१७।८५ | ३०,०४३।८४ |
| संरक्षित पूंजी फिर्ता कोष | | ४१५,९१०।४० | २२,५३२।८८ |
| सहकारी प्रबर्द्धन कोष | | ८,३१८।२१ | ४५०।६६ |
| सहकारी शिक्षा कोष | | ६१,९७०।६५ | ३,३५७।४० |
| शेयर लाभांश कोष | | ८०५,६१८।४५ | ४७,००३।५९ |
| कर्मचारी वोनस कोष | | ०।०० | ०।०० |
| सहकारी विकास कोष | | ६१,९७०।६५ | ३,३५७।४० |
| घाटापूर्ति कोष | | ६१,९७०।६५ | ३,३५७।४० |
| सामूदायिक विकास कोष | | ६१,९७०।६५ | ३,३५७।४० |
| स्थिरिकरण कोष | | ६१,९७०।६५ | ३,३५७।४० |
| अन्य जोखिम व्यवस्थापन कोष | | ६१,९७०।६५ | ३,३५७।४० |
| आयकर व्यवस्था | | २२०,५६४।५६ | ३,२२३।३५ |
| कर्मचारी बोनस व्यवस्था | | २३२,६१६।५५ | ५०३,७७४।२६ |
| सदस्यता शूल्क कोष | | ७३,२००।०० | ५६,८००।०० |
| कर्जा नोक्सानी व्यवस्था कोष | | ४,९३४,३८६।०० | ४,००२,३३६।७२ |
| **जम्मा** | | **७,६७८,९५५।९२** | **४,६८६,३०९।७०** |

## कर्जा लिएको हिसाव

अनुसुची १२

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| भाखा भित्रको | | १४,४४०,९२०।७३ | ४७,६१९,१३६।१७ |
| भाखा नाघेको | | ०।०० | ०।०० |
| **जम्मा** | | **१४,४४०,९२०।७३** | **४७,६१९,१३६।१७** |

| लक्ष्मी लाल नकर्मी | रिना नकर्मी | विकास शाक्य | सुशिल राम माथेमा | गोपाल राजभण्डारी |
|---|---|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | सदस्य | सदस्य | सदस्य | कोषाध्यक्ष |

| अच्युत रत्न बज्राचार्य | विनोद श्रेष्ठ | विनोद कुमार मानन्धर | सि.ए. शिवानी श्रेष्ठ |
|---|---|---|---|
| सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक |

Shiwani & Associates Kathmandu Chartered Accountants

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व. २०८०८१

## निक्षेप हिसाव

अनुसुची १३

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| बचत खाता | | १८१,८६८,९९५।०८ | १४४,१४८,५८८।७० |
| आवधिक बचत खाता | | ३४९,०८४,२००।०० | ३०२,७६८,९००।०० |
| आवधिक बचत खाता - भाका नाघेको | | ८३,०००।०० | ०।०० |
| आवधिक बचत खाता | | ३४९,१६७,२००।०० | ३०२,७६८,९००।०० |
| क्रमिक बचत खाता | | ६३४,४००।०० | ३५५,५६९।०८ |
| कर्जा संचालन खाता | | ९९,५५७।२९ | १७८,५३२।५२ |
| शेयर खाता | | ३१,६०४,०००।०० | ३०,६२८,०००।०० |
| **जम्मा** | | **५६३,३७४,१५२।३७** | **४७८,०७९,५९०।३०** |

## अन्य दायित्व

अनुसुची १४

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| कर्मचारी सञ्चय कोष | | १९,४३३।३४ | १४९,४७३।३४ |
| भुक्तानी दिनु पर्ने हिसाव | | ०।०० | ४०,०००।०० |
| विविध तिर्नु पर्ने | | ५५,१०३।१४ | १२,०१२।६६ |
| भुक्तानी दिनु पर्ने व्याज | | ३,५२३,१५९।९० | ३,३३९,८८३।५७ |
| सापटी व्याज खाता | | ४४,९५६।३० | १९,१९६।०२ |
| **जम्मा** | | **३,६४२,६५२।६८** | **३,५६०,५६५।५९** |

## आयकर तथा खर्च व्यवस्था

अनुसुची १५

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| व्याज कर - बचत खाता | | २१६,३७९।२८ | १६७,००४।८२ |
| व्याज कर - आवधिक बचत खाता | | ५७२,३३१।६५ | ४९३,२८६।९६ |
| व्याज कर - क्रमिक बचत खाता | | ८६०।९७ | ४६६।३८ |
| व्याज कर - शेयर खाता | | २२३,१८५।४२ | १७५,७८३।४० |
| व्याज कर - बि.आई.पि. खाता | | ६,०५६।९४ | ०।०० |
| श्रोतमा कर कट्टी - संचालक समिति बैंठक भत्ता | | ४५,३००।०० | २९,४००।०० |
| श्रोतमा कर कट्टी - अन्य समिति बैंठक भत्ता | | ८१०।०० | ८१०।०० |
| श्रोतमा कर कट्टी - पारिश्रमिकमा आधारित सामाजिक सूरक्षा | | १,९१४।८२ | १,४६२।५६ |
| श्रोतमा कर कट्टी - पारिश्रमिक | | २४९,०१५।४७ | १७३,५३६।४४ |
| श्रोतमा कर कट्टी - एकलौटि फर्म | | ८३२।२७ | ०।०० |
| श्रोतमा कर कट्टी - प्रा. लि. | | ४,०९१।६३ | १,१४०।०० |
| श्रोतमा कर कट्टी - सापटीमा व्याज | | ७,२३०।७३ | २,६८०।३८ |
| श्रोतमा कर कट्टी - अन्य | | १,५००।०० | ०।०० |
| **जम्मा** | | **१,३२९,५०९।१८** | **१,०४५,५७०।९४** |

| | | | | |
|---|---|---|---|---|
| लक्ष्मी लाल नकर्मी<br>प्रमुख कार्यकारी अधिकृत | रिना नकर्मी<br>सदस्य | विकास शाक्य<br>सदस्य | सुशिल राम माथेमा<br>सदस्य | गोपाल राजभण्डारी<br>कोषाध्यक्ष |
| अच्युत रत्न बज्राचार्य<br>सचिव | विनोद श्रेष्ठ<br>उपाध्यक्ष | विनोद कुमार मानन्धर<br>अध्यक्ष | सि.ए. शिवानी श्रेष्ठ<br>लेखापरीक्षक | |

Shivani & Associates Kathmandu Chartered Accountants

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व. २०८०।८१

## डेफर्ड कर

अनुसुची १६

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| डेफर्ड कर | | १०,८१०।२९ | ०।०० |
| **जम्मा** | | **१०,८१०।२९** | **०।००** |

## अन्य आम्दानी

अनुसुची १७

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| सेवा शुल्क आम्दानी | | १,२८८,४४०।५० | १,५७८,९९३।०० |
| अन्य आम्दानी | | १२,७९७।६६ | १९१।०० |
| हर्जना ब्याज आम्दानी | | १८७,०८३।७१ | २७९,८७५।३८ |
| कमिशन आम्दानी | | ०।०० | २,०००।०० |
| लाभांश आम्दानी | | १२,४१६।४३ | ९१,१६५।२५ |
| **जम्मा** | | **१,५००,७३८।३०** | **१,९५२,२२४।६३** |

## कर्मचारी खर्च

अनुसुची १८

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| कर्मचारी तलब खर्च | | ३,५१२,४७१।५५ | ३,१२५,१४२।१५ |
| ग्रेड | | १२३,३००।०० | ५७,५०३।२३ |
| कर्मचारी भत्ता | | १,०७६,०९८।१४ | ९७३,३५६।८० |
| दशै खर्च | | ३९०,४००।०० | ३३६,४५०।०० |
| कर्मचारी प्रोत्साहन भत्ता | | ३३५,१००।०० | २५५,६३१।८२ |
| ओभर टाइम भत्ता | | ९६,८५३।२२ | ६६,६५८।९९ |
| विशेष भत्ता | | ११७,५००।०० | ४७,५००।०० |
| यातायात भत्ता | | १२९,०००।०० | ९६,५०७।२३ |
| सञ्चयकोष खर्च | | ३३४,८०७।१६ | २८८,९४२।८९ |
| कर्मचारी प्रशिक्षण खर्च | | ०।०० | ०।०० |
| औषधि उपचार भत्ता | | ३६२,४४८।५५ | २४१,७४०।२८ |
| कर्मचारी खाजा खर्च | | ०।०० | ०।०० |
| कर्मचारी प्रशिक्षण खर्च | | २,०००।०० | ०।०० |
| **जम्मा** | | **६,४७९,९७८।६२** | **५,४८९,४३३।३९** |

लक्ष्मी लाल नकर्मी
प्रमुख कार्यकारी अधिकृत

रिना नकर्मी
सदस्य

विकास शाक्य
सदस्य

सुशिल राम माथेमा
सदस्य

गोपाल राजभण्डारी
कोषाध्यक्ष

अच्युत रत्न बज्राचार्य
सचिव

विनोद श्रेष्ठ
उपाध्यक्ष

विनोद कुमार मानन्धर
अध्यक्ष

सि.ए. शिवानी श्रेष्ठ
लेखापरीक्षक

Shiwani & Associates
Kathmandu
Chartered Accountants

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व. २०८०।८१

## प्रशासकिय खर्च

अनुसुची १९

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| घर बहाल खर्च | | १,६००,००८।०० | १,६००,००८।०० |
| विजुली तथा पानी महसुल | | २९६,४१२।०० | २७८,६०२।०० |
| वार्षिक मर्मत सम्भार खर्च | | ६७,८००।०० | ६७,८००।०० |
| मर्मत सम्भार (गाडी) | | ३१,८२९।०८ | ०।०० |
| बीमा खर्च | | ११४,५२६।१३ | १२६,१७६।९६ |
| सञ्चार खर्च | | ९१,९१७।०० | ८८,९६५।०० |
| नखप्ने सामान | | ४२,३४४।५० | ०।०० |
| भम्रण तथा परिवहन खर्च | | ५२,७३२।०० | ३८,११९।०० |
| छपाई, पत्रपत्रिका तथा स्टेशनरी खर्च | | २०४,८५४।९० | १५०,५६९।४० |
| चन्दा खर्च | | २,०००।०० | ०।०० |
| समिति/उपसमिति बैठक भत्ता | | ३०७,४००।०० | २०१,४००।०० |
| अन्य समिति/उपसमिति बैठक खर्च | | ३३,१७०।०० | ३९,१४३।०० |
| वार्षिक साधारण सभा खर्च | | ५२८,४६८।९९ | ३५७,५२५।३० |
| लेखापरिक्षण शूल्क | | ४०,०००।०० | ४०,०००।०० |
| अतिथी सत्कार खर्च | | १३२,१८५।९९ | १३२,९१९।५५ |
| कार्यालय चिया खर्च | | १०९,९८५।०० | १००,२७०।०० |
| सुरक्षा गार्ड खर्च | | २४२,२९०।०० | २४२,७४०।०० |
| इन्धन खर्च | | ३०३,५३९।०० | २७८,५३०।८३ |
| सदस्यता, दर्ता तथा नविकरण शुल्क | | ४९,६००।०० | ४५,६००।०० |
| कार्यालय खर्च | | ९१२,४८२।६४ | ७६४,४९०।४४ |
| अन्य खर्च- कर्जा सेवा शुल्क | | ८०,१००।०० | ०।०० |
| बैंक चार्ज | | १,६६५।०० | २,०७५।०० |
| विविध खर्च | | २७,०००।०० | १५,०००।०० |
| ज्याला | | ०।०० | ०।०० |
| **जम्मा** | | **५,२७२,३१०।२३** | **४,५६९,९३४।४८** |

## मर्मत सम्भार

अनुसुची २०

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| मर्मत सम्भार (गाडी) | | ०।०० | २१,४९०।४७ |
| मर्मत सम्भार (मोटरसाइकल) | | ११०,५६५।०७ | १००,४५५।३१ |
| मर्मत सम्भार खर्च (एयर कण्डिशन) | | २५,९५८।०४ | १४,५७४।०० |
| **जम्मा** | | **१३६,५२३।११** | **१३६,५१९।७८** |

| लक्ष्मी लाल नकर्मी | रिना नकर्मी | विकास शाक्य | सुशिल राम माथेमा | गोपाल राजभण्डारी |
|---|---|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | सदस्य | सदस्य | सदस्य | कोषाध्यक्ष |

| अच्युत रत्न वज्राचार्य | विनोद श्रेष्ठ | विनोद कुमार मानन्धर | सि.ए. शिवानी श्रेष्ठ |
|---|---|---|---|
| सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक |

Shiwani & Associates Kathmandu Chartered Accountants

# दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.म.न.पा.२०, भिमसेनस्थान, काठमाण्डौं

आ.व. २०८०।८१

## कर्जा नोक्सानी व्यवस्था खर्च

अनुसुची २१

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| कर्जा नोक्सानी व्यवस्था खर्च | | ९३२,०४९।२८ | ६९६,८५४।७५ |
| जम्मा | | ९३२,०४९।२८ | ६९६,८५४।७५ |

## बैंक मौज्दात

अनुसुची ८.१

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| लुम्बिनी विकास बैंक लि. | | १४२,२५१।५५ | २०,०५८,४२३।५७ |
| हिमालयन बैंक लि. | | ४७,७८४।७३ | ४४,७८०।६४ |
| गुडविल फाइनान्स लि. | | ४०,६५९।०० | ५०,३५५।६८ |
| राष्ट्रिय सहकारी बैंक लि. | | १,०२०,०५२।३२ | १,०१९,२५९।६८ |
| नेपाल फाइनान्स लि. | | ७,८४६,२६६।८३ | ८१,४०२।५७ |
| कुमारी बैंक लि. | | १,४८४।०७ | ६१,०५१।५४ |
| नेपाल इन्भेष्टमेण्ट बैंक लि. | | १०,०००।०० | १०,०००।०० |
| प्राइम कमर्शियल बैंक लि. | | १९,००५।२२ | ०।०० |
| जम्मा | | ९,१२७,५०३।७२ | २१,३२५,२७३।६८ |

## बैंक मुद्दती

अनुसुची ८.२

| विवरण | अनुसुची नं. | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| नेपाल फाइनान्स लि. | | ४०,०००,०००।०० | १३,०००,०००।०० |
| राष्ट्रिय सहकारी बैंक लि. | | ३०,०००,०००।०० | ३०,०००,०००।०० |
| लुम्बिनी विकास बैंक लि. | | २०,०००,०००।०० | ४०,०००,०००।०० |
| गुडविल फाइनान्स लि. | | २,५००,०००।०० | ५,०००,०००।०० |
| जम्मा | | ९२,५००,०००।०० | ८८,०००,०००।०० |

लक्ष्मी लाल नकर्मी
प्रमुख कार्यकारी अधिकृत

रिना नकर्मी
सदस्य

विकास शाक्य
सदस्य

सुशिल राम माथेमा
सदस्य

गोपाल राजभण्डारी
कोषाध्यक्ष

अच्युत रत्न बज्राचार्य
सचिव

विनोद श्रेष्ठ
उपाध्यक्ष

विनोद कुमार मानन्धर
अध्यक्ष

सि.ए. शिवानी श्रेष्ठ
लेखापरीक्षक

Shiwani Associates ★ Kathmandu ★ Chartered Accountants

# दुरदृष्टि बहुउद्देशियय सहकारी लिमिटेड
## आर्थिक वर्ष २०८०।८१
## प्रमुख लेखा नीति तथा टिप्पणीहरु

१ **सामान्य जानकारी:**

यस **दुरदृष्टि बहुउद्देशियय सहकारी लिमिटेड** प्यान नम्बर ६१६३४१३०२ नेपालको सहकारी ऐन बमोजिम दर्ता भई मिति २०७८।०४।२८ मा स्थायी लेखा नम्बर प्राप्त गरेको छ । २०७८ आषाढ मसान्तसम्म यस संस्था दर्ता मात्र भएको सोको व्यवसायिक रुपमा संचालन मिति २०७८ भाद्र महिना देखि मात्र संचालनमा आएको हो । यसको रजिष्टर्ड कार्यालय काठमाण्डौं महानगरपालिका वडा नं. २०, भिमसेनस्थानमा रहेको छ । संस्थाको विनियम तथा सहकारी विभागवाट जारी भएको मापदण्ड निर्देशन अनुसार विविध उद्देश्य सहितको कार्य लगायत शेयर सदस्यहरुवाट संकलन गरेको शेयर तथा निक्षेप रकमलाई व्यवस्थित तथा सुरक्षित लगानी शेयर सदस्य विच गरी सदस्यहरुको बचत बृद्धि गरी आर्थिक अवस्था सुधार्न योगदान गर्नु संस्थाको उद्देश्य रहेको छ ।

२ **वित्तीय विवरण:**

वित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएकामा वाहेक ऐतिहासिक लागत अवधारणा, सामान्य रुपमा स्वीकार्य प्रचलन रहेका लेखा पद्दति, सहकारी ऐन तथा नीति निर्देशन, मापदण्ड तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थावाट जारी लेखामान सिद्धान्त बमोजिम तयार पारिएका छन् ।

३ **संस्थाको शेयर पूंजी**

संस्थाले आफनो कार्य क्षेत्र भित्रका व्यक्तिहरुवाट शेयर वापतको रकम संकलन गर्न सक्ने व्यवस्था गरेको छ । आर्थिक वर्षको अन्तिम सम्म आइपुग्दा रु. ३२,७३५,२०० को शेयर पुंजी कायम रहेको छ ।

४ **कोष तथा व्यवस्थाहरु**

संस्थामा गत वर्ष सम्मको आयकर व्यवस्था पछिको संचित मुनाफा र यस वर्षको मुनाफावाट आयकर वापतको रकम छुट्याई सके पछि रहेको कुल रकमलाई सहकारी ऐन २०७४ र नियमावली २०७५ ले व्यवस्था गरे अनुसार ऐनको दफा ६८ बमोजिम वांकी नाफाको २५ प्रतिशत साधारण जगेडा कोष, सो पछि बांकी रकमको २५ प्रतिशत ऐनको दफा ६९ बमोजिम संरक्षित पुंजी फिर्ता कोष, दफा ७० बमोजिम ०.५० प्रतिशत सहकारी प्रवर्द्धन कोषमा रकम छुट्याइ सके पछि बांकी नाफा रकम ऐनको दफा ७१ बमोजिम शेयर लाभांश कोष लगायतका कोषमा रकम विनियोजन गर्ने नीति अंगिकार गरेको छ ।

५ **निक्षेप हिसाव तथा वाह्य कर्जा उपभोग:**

संस्थाले आफनो सदस्यहरुवाट विभिन्न प्रकारको निक्षेप संकलन गर्ने छ । ती निक्षेपमा तोके अनुसारको व्याज प्रदान गर्ने र ती निक्षेपको रकम आवश्यकता अनुसार अधिकत्तम प्रतिफल आउने गरी न्युनत्तम जोखिम हुने क्षेत्रमा लगानी गर्ने नीति लिएको छ ।

यस अवधिमा संस्थाले रु. ९,४८५,२७०.७३ बराबरको मुद्दति रसिद धित्तो कर्जा उपभोग गरी राखेको छ र रु. ४,९५५,६५० को अन्य कर्जा गरी आर्थिक वर्षको अन्तिम सम्म आइपुगदा रु. १४,४४०,९२०.७३ बराबरको वाह्य कर्जा उपभोग गरिरहेको छ ।

६ **स्थिर सम्पत्ति तथा ह्रास कट्टि:**

संस्थाले यस अवधिमा अनुसुची १ अनुसारका स्थीर सम्पत्ति खरीद गरेको छ । स्थिर सम्पतिको लेखाङ्कन ऐतिहासिक लागत मुल्य र सोको खरीद तथा जडान लागत समेत समावेश गरी पुंजीकरण गरेको ।

स्थिर सम्पत्तिहरुको ह्रास कट्टि आयकर ऐन २०५८ को अनुसूची २ ले निर्दिष्ट गरेको दर तथा तरिकाले घट्दो दरमा हिसाव गरी खर्च कट्टि दावी गर्ने तथा थप भएका सम्पत्तिमा पौष महिना भित्र, चैत्र महिना भित्र र आषाढ महिना भित्र थप भएकोमा नियमित ह्रास रकमको क्रमश: पुरै, दुई तिहाई र एक तिहाई मात्र खर्च हिसाव गर्ने नीति रहेको छ । तर, समुह ख अन्तर्गको सम्पत्तिको ह्रास दर २० प्रतिशत कायम गरी खर्च दावी गर्ने गरी परिवर्तन गरेको छ ।

प्रमुख कार्यकारी अधिकृत | सदस्य | सदस्य | सदस्य | कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक

Shiwar & Associates Chartered Accountants Kathmandu

# दुरदृष्टि बहुउद्देशियय सहकारी लिमिटेड
# आर्थिक वर्ष २०८०।८१
## प्रमुख लेखा नीति तथा टिप्पणीहरु

७ **लगानी:**
संस्थाले सदस्यहरुमा कर्जा लगानीको साथै वहुउद्देशियय कारोवार गर्ने संस्थाको अधिकार उपयोग गरी विभिन्न क्षेत्रमा लगानी गर्ने नीति लिएको छ ।

८ **व्याज खर्च तथा व्याज आम्दानीको लेखाङ्कन:**
सहकारी ऐन नियम, मापदण्डको अधिनमा तथा संस्थाको नीति अनुसार व्याज खर्च एक्रुअल र आम्दानीको लेखांकन नगद आधारमा गर्ने नीति रहेको छ ।

निक्षेप दायित्वमा दिईने व्याज खर्च सदस्यसंगको सम्झौता अनुसार र आर्थिक वर्षको हरेक त्रैमासको अन्तमा प्रोदभावी आधारमा (Accrual Basis) खर्च लेख्ने छ ।

कर्जा लगानीमा हुने व्याज आम्दानी नगद आधारमा गरिएको छ, तर रु. ९,३१२,२१०.४६ को व्याज आम्दानी र रु. ९५१.०२ को हर्जना आम्दानी अषाढ मसान्तको समाप्त पछि र लेखापरिक्षणको मिति अगाडि मात्र नगद प्राप्ति भएको छ ।

९ **सम्भावित कर्जा नोक्सानी व्यवस्था:**
सम्भावित कर्जा नोक्सानीका लागि सहकारी विभागद्धारा निष्दिट गरे बमोजिम सम्भावित नोक्सानीको व्यवस्थाको नियम पालना गरि कुल कर्जाको एक प्रतिशतका दरले कर्जा नोक्सानी व्यवस्था गरेको छ ।

१० **आयकर व्यवस्था:**
आयकर ऐन २०५८ ले व्यवस्था गरे बमोजिम स्वयंम कर निर्धारण गरी कायम भएको आयमा आयकर ऐन तथा सम्वन्धित संशोधन बमोजिम निर्धारित करयोग्य आयको आर्थिक ऐनले तोकेको दरमा आयकर हिसाव गरी आयकरको व्यवस्था गर्ने नीति अंगिकार गरीएको छ । यस आर्थिक वर्षान्तमा वासलात तथा स्वयमकर निर्धारण विवरण अनुसार नाफा देखिएकोले सोहि अनुरुप आयकर व्यवस्था गरीएको छ। भविष्यमा हुन सक्ने थप कर दायित्व त्यसरी कर दायित्व थप भएको अवस्थामा आवश्यक व्यवस्था गर्ने नीति लिएको छ ।

११ **कर्मचारी अवकाश सम्वन्धित सम्भावित खर्चको लागि व्यवस्था:**
कर्मचारी उपदान तथा संञ्चित विदा वापतको दायित्व रकमलाई भुक्तानीको आधारमा खर्च लेख्ने नीति अंङ्गिकार गरेको छ ।

१२ आर्जन गरेको नाफावाट विनियोजन गर्नु पर्ने जगेडा कोष र अन्य कोषमा रकम नियमानुसार वांडफांट गर्ने नीति लिएको छ ।

१३ **मौज्दात:**
संस्थाले मौज्दातजन्य बस्तुको मुल्यांकन फिफो आधारमा गरीने छ ।

१४ कर्मचारी वोनस वापतको रकम संस्थाको विनियम तथा सहकारी नियम अनुसार आयकर व्यवस्था पछिको नाफा रकमवाट छुट्याउने व्यवस्था बमोजिम कोष व्यवस्था गरेको छ ।

१५ **अन्य नीतिहरु:**
विभागले तोके अनुसार संस्थाले राख्नु पर्ने चार खाताहरु सफ्टवयरमा नै व्यवस्था गरी राखेको छ ।

संस्थामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको कर योग्य आयमा आयकर ऐन अनुसार कर कट्टि गरेको छ ।

प्रमुख कार्यकारी अधिकृत  सदस्य  सदस्य  सदस्य  कोषाध्यक्ष  सचिव  उपाध्यक्ष  अध्यक्ष  लेखापरीक्षक

Shiwani & Associates Chartered Accountants Kathmandu

## धन्यवाद

यस दुरदृष्टि बहुउद्देश्यीय सहकारी संस्थाको चौथो वार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण आदरणिय शेयर सदस्य महानुभावहरु, संचालक समितिका सदस्यहरु तथा सल्लाहकारज्युहरु, लेखा सुपरिवेक्षण समितिका सदस्यहरु, कर्जा उप–समितिका सदस्यहरु, कार्यकारी प्रमुखज्यु तथा कर्मचारीवर्गहरुको निरन्तर साथ सहयोग र प्रयासबाट आ.व. २०८१/८२ को लक्ष्य प्राप्तिमा सहयोग पुग्ने कुरामा पूर्ण विश्वस्त छु ।

हाम्रो निमन्त्रणा ग्रहण गरी पाल्नु भएका शुभ चिन्तकहरुलाई सभामा उपस्थित भई सभाको शोभा बढाई दिनु भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

# टिपोट/सुझाव

DDMPCL